परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION

साप्ताहिक

❑ वर्ष ९ ❑ अंक २५ २०७७ माघ ४ गते आईतवार Sunday 17, Jan, 2020 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

## संघियता र समावेशीताको घोर विरोधी

हिरालाल साह

बिराटनगर । बृहत मधेसी नागरिक समाज द्वारा शुक्रबार आयोजित ञवर्तमान सन्दर्भमा देशको राजनीतिक अवस्था र प्रतिनिधि सभा बिघटन सम्बन्धि कार्यक्रममा प्रमुख अतिथि मानवअधिकारकर्मी कृष्ण पहाडीले खड्क ओली गणतन्त्र, संघियता र समावेशीताको घोर बिरोधी रहेको छ ।



पहाडीले भने लोकतन्त्र जनताको बलले स्थापित भएको, माओवादिको बलले संबिधाान सभा आएको र संघियता मधेस बिद्रोहले ल्याएको तर प्रधानमनन्त्री केपी ओलिले प्रतिनिधि सभा बिघटन गरी जनताको सबै उपलब्धिहरू गुम्ने दिशामा लगेको आरोप लगाएको छ ।

ओलिले तात्कालिक अवस्थाा को २०६२/०६३ को लोकतान्त्रिक आन्दोलनमा बयलगाडा चढेर राजतन्त्र फाल्न सकिदैन भन्ने चरित्रको आज पुष्टि गरेकोले सत्ता मातले राजतन्त्र फर्काउने खेलको मतियार बनेको बताएको बताउँदै समावेशी चरित्रको संविधानलाई ओलि सरकारले राजदुतहरूको नियुक्तिमा ३३ प्रतिशत महिलाको, दलितको प्रतिनिधित्व समावेशी नरहेकोले ओलि समावेशीताको घोर बिरोधि रहेको प्रमाणित हुन्छ ।

संविधानको प्रस्तावनामा अहिंसा शब्द लेख्न सुझाएको भएपनि हिंसाको प्रोत्साहन दलहरूले नै दिएकाले आज संविधान धरापमा पर्ने खतरा बढेको भन्दै हालको अवस्थामा संविधान भन्दा बाहिर गएर संसद विघटन गर्नु र त्यसको साक्षी किनारा राष्ट्रपति रहेकोले दुबैजना मिलेर देशलाई द्वन्द्वतिर धकेल्नु जनताको उपलब्धिलाई एक सय बर्ष पछि पार्ने निश्चित छ वहांको भनाई थियो । बिघटित संसदलाई पुन:स्थापन गर्न न्यायालयको कोटमा रहेकोले न्यायाधीशहरुको फैसलाले निकास निस्कने आशावादी रहेको तर अन्तिम निर्णायक जनता रहेकोले नागरिक समाजको भुमिका झन् बढेको बताए ।

कार्यक्रममा बृहत मधेसी नागरिक समाजका केन्द्रीय महासचिव हिरालाल साहले अवधारणा पत्र प्रस्तुत गरेका थिए । सो कार्यपत्रमा संसद बिघटनको भर्त्सना गर्दै संवैधानिक बाटोबाट सम्पूर्ण उपलब्धिको जगेर्ना गर्न प्रम ओलिलाई सुझाईएको छ ।

कार्यक्रममा अध्यक्षता गरेका बृहत मधेसी नागरिक समाजका केन्द्रीय अध्यक्ष सुर्यनाथ प्रसाद सिंहले संविधानको उपलब्धिलाई गुम्न नदिन सबै आम नागरिकहरु, पत्रकार, बुद्धिजीवी, मधेसी, पिछडाबर्ग, आदिवासी जनजाति, दलित सबै एकजुट हुनुपर्ने धारणा राखेका थिए ।

उक्त कार्यक्रममा मानवअधिकार तथा शान्ति समाजका केन्द्रीय अध्यक्ष उत्तम पुडासैनी लगाायत पत्रकार, राजनीतिकर्मि, बुद्धिजीवी कानुनबिद, राजनीतिकर्मि, नागरिक अगुवाहरुको उपस्थिति रहेको थियो । स्वागत मन्तव्य पुनम दासले राखेकि थिइन् भने कार्यक्रम संचालन श्यामसुन्दर सुतिहारले गरेका थिए ।

## फोटोग्राफिका समान चोरी गरी फरार रहेका दुई जना पक्राउ

विराटनगर । फोटोग्राफीका समान चारी गरी फरार रहेको दुई जनालाई प्रहरीले पक्राउ गरेको छ।

घटनाको विवरण अनुसार जिल्ला झापा अर्जुनधारा नगरपालिका वडा नं. ६ महानन्द चोक बस्ने बर्ष २० को अनुप ढकालले जिल्ला कास्की पोखरा महानगरपालिका वडा नं. २० मलाम स्थायी घर भई 'योर डिजिटर फोटो गुड्स सेन्टर' संचालक बर्ष २८ को विमल कार्कीलाई फोन मार्फत विराटनगर मा हाम्रो भब्य फेसन सोमा फोटो खिच्ने कार्यको लागि बोलाईएको थियो ।

इसेवाबाट पौष २४ गते ४ हजार पेश्की समेत पठाई बोलाएकोमा विमल कार्की पौष २५ गते पोखराबाट आई जिल्ला मोरङ बुढिगंगा गाउँपालिका वडा नं. १ स्थित आर एन होटल एण्ड लजको ११४ नम्बर कोठामा फोटो ग्राफी सम्बन्धी सम्पूर्ण सामाग्रीहरू राख्न लगाएका थिए ।

बरामद सामाग्रीहरूमा, क्यामरा लाईट ब्याट्री ५ थान, चार्ज गर्न मिल्ने ब्याट्री ६ सेट, मेमोरी कार्ड ६ थान, ड्रोन १ थान, क्यामरा ब्याट्री ६ थान, रिफ्लेक्टर १ थान, माईक

वांकी अन्तिम पेजमा...

## दुईलाख व्यक्तिको स्वास्थ्य बिमा

विराटनगर । नेपाल सरकाले आम नेपाली नागरिको लागि ल्याएको स्वास्थ्य बिमा मोरंगका करीब दुईलाख व्यक्तिह्रु सहभागी भएका छन् ।

स्वास्थ्य बीमा कार्यक्रम शुरु भएको एक बर्षको अवधिमा १ लाख ९१ हजार ४८९ जनाले स्वास्थ्य बीमा गरेको स्वास्थ्य बीमा बोर्ड, मोरंगले जनाएको छ । स्वास्थ्य बीमा गर्नेमा ९१ हजार ९६६ पुरुष र ९९ हजार ४६५ महिला रहेका छ ।

स्वास्थ्य बीमा बोर्ड, मोरंगका दर्ता अधिकारी दिलिप पोखरेलले अनलाईनमा तथ्याङ्क राख्ने क्रममा ५८ जनाको लिङ्ग छुटेको हुन सक्ने बताए । गत बर्षको मंसिरबाट मोरंगमा स्वास्थ्य बीमा कार्यक्रम शुरु गरिएको थियो । बोर्डको तथ्याङ्क अनुसार ५८ जनाको लिङ्ग उल्लेख छैन । १७ वटा स्थानीय तहको १५९ वटै वडामा दर्ता सहयोगी मार्फत स्वास्थ्य बीमा कार्यक्रम सञ्चालनमा

वांकी अन्तिम पेजमा...

## बालमैत्री प्रदेश बनाउने घोषण

विराटनगर । प्रदेश नं. १ लाई प्रदेश सरकारले बाल मैत्री प्रदेश घोषण गर्ने प्रदेश नं १ का मुख्यमन्त्री शेरधन राईले वताएको छ ।

राष्ट्रिय बाल अधिकार परिषदले विराटनगरमा आयोजना गरेको प्रदेश स्तरीय छलफल कार्यक्रममा मुख्यमन्त्री राईले बाल मैत्री प्रदेश घोषणा गर्ने लक्ष्यलाई पुरा गर्न आवश्यक नीति, कानून निर्माण गरी प्रभावकारी कार्यक्रम आधार तर्जुमा गर्न सवैको सहयोग आवश्यक रहेको विचार व्यक्त गरेको छ ।

मुख्यमन्त्री राईले बालबालिका वर्तमानका कर्णधार, साझेदार हुनुका साथै भविष्यका नेतृत्वकर्ता भएकाले उनीहरु सक्षम र सवल बनाउनु आवश्यक नीति निर्माण गर्नु हाम्रो कर्तव्य भएको बताउदै बालवालिका का अधिकार सम्पूर्ण रुपमा सुरक्षित र सुनिश्चत गर्न प्रतिवद्ध रहेको वहांको भनाई थियो ।

विद्यालय केन्द्रीत प्रदेशका दुई हजार विद्यालयहरुका दुई लाख विद्यार्थीहरुलाई संगठित गरी सचेत, सभ्य, इमानदार नागरिक उत्पादन गर्ने सचेतना फैलाउने जिम्मेवारीका साथ 'म अघि वढछु ' सगरमाथा टिन्स क्लव गठन गरेर विशेष अभियान सञ्चालन गरेको जानकारी गराएका थिए ।

स्थानीय तहले बाल कल्याण अधिकारी तत्काल नियुक्ती गर्न वा तोक्नु पर्नेमा जोड दिदै बर्तमान अवस्थामा ३३ प्रतिशत बालवालिकाले जन्मदर्ता एवं पहिचान विहिन अवस्थामा रहेकाले पालिकाहरुको ध्यानाकर्षण गराएको राष्ट्रिय बाल अधिकार परिषदका कार्यकारी निर्देशक मिलन राज धरेले वताए ।

सार्क राष्ट्र बालअधिकारको क्षेत्रबाट नेपालको प्रतिनिधित्व गर्ने प्रेनुसा पाण्डेले सामुदायिक र निजी

वांकी अन्तिम पेजमा...

## ढाकछोप गर्न अविश्वसको प्रस्ताव

विराटनगर । प्रदेश १ का सरकार विरुद्ध ल्याएका अविश्वास प्रस्ताव गलत नियतलार्य ढाकछोप गर्न ल्याएको मुख्यमन्त्री शेरधन राईले वताएको छ ।

सरकार नालायक भएर अविश्वासको प्रस्ताव नआएको र सरकारले काम गर्न नसकेर, मुख्यमन्त्री अयोग्य भएर पनि आएको हैन ।' बरु ठुलो भाग पाउने आशाले आफु विरुद्ध अविश्वास प्रस्ताव ल्याईएको दावी गरेको छ । प्रदेशलाई भत्काउने चाहना भएकाहरुले ल्याएको अविश्वास प्रस्तावको सामना गर्न आफु तयार रहेको वहांको भनाई छ ।

विराटनगरमा राष्ट्रिय बालअधिकार परिषद्ले आयोजना गरेको प्रदेशस्तरीय कार्यक्रममा मुख्यमन्त्री सो कुरा बताएका थिए । रातारात, हतारोमा अविश्वास प्रस्तावको प्रयास गरियो ।' पछिल्लो घटनाक्रमले अन्यौलता देखिएपनि अविश्वास

वांकी अन्तिम पेजमा...

## आम व्यवसायी (विक्रेता) हरुमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, विराटनगरको अनुरोध

१. सम्बन्धित स्थानीय तह अथवा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, विराटनगर वा अन्य सम्बन्धित निकायमा अनिवार्य रुपमा दर्ता गरेर मात्र उद्योग, फर्म वा व्यवसाय सञ्चालन गरौं ।
२. साईनबोर्ड, मूल्यसूची, व्यवसाय दर्ता प्रमाणपत्र र (उबल) को सक्कल प्रमाणपत्र आ-आफ्नो उद्योग, पसल वा फर्ममा सबैले देख्नेगरी उपयुक्त ठाउँमा अनिवार्य रुपमा राखौं ।
३. विभिन्न निकायबाट आउने अनुगमन टोलिलाई अनुगमनमा सहयोग गरौं ।
४. अनुगमन लगायत अन्य कार्यमा शिघ्रता ल्याउन बस्तुहरुको खरिद बिल र विक्री बिल मितिक्रममा र हनेगरी फाईलिङ गरेर अफिस, पसल वा फर्ममै सुरक्षितसाथ राखौं ।
५. उचित मुनाफा राखेर मात्र मालसामान विक्री गरौं ।
६. बिक्री गरिएको बस्तुमा वारेन्टी वा ग्यारेन्टीको व्यवस्था भएमा त्यस्तो व्यवस्थाको पालना गरौं ।
७. बस्तुको उत्पादन वा प्याकिङ गरिएको मिति नभएका, उपभोग्य अवधि उल्लेख नभएका वा सकिएका, सिलप्याक गरिएका भएपनि टुटेफुटेका, च्यातिएका, कुच्चिएका, खोलिएका, मूल्य र उत्पादकको नाम र ठेगाना प्रष्ट नभएका वस्तुहरु बिक्री नगरौं । त्यस्ता बस्तुहरु छुट्टै स्थान (भहउष्चथ शयलभ) मा राखौं ।
८. उपभोक्ता संरक्षण ऐन, २०७५ को पालना गरौं । कानूनी दण्ड र जरिवानाबाट बचौं । स्वच्छ बजार स्थापनाको अभियानमा सहभागी बनौं ।

निमित्त कार्यालय प्रमुख

SUKRATARA FURNITURE UDYOG

BIRATNAGAR

9842033365
9805391277

Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
पू.क्षे.हु.नि.मोरंग द.न. ०१/०७३/७४

## बालमैत्री...

विद्यालयहरुलाई शिक्षामा छात्रवृत्ति का लागिस्थानीय निकायले आवश्यक पहल गर्नुपर्ने तथा असुरक्षित बालबालिकाको गुनासो सुन्ने स्थानको वारेमा सार्वजनिक जानकारी गराउन आग्रह गरेका थिए ।

छलफलमा प्रदेशका जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख, स्थानीयतहका प्रमुख उपप्रमुख, बालवालिका क्षेत्रमा कार्यरत संघसंस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

## फोटोग्राफि...

२ थान, पावर बैंक ३ थान, ट्रिगर २ थान, ब्याट्री चार्जर ६ थान, ल्याप टप १ थान, झोला ७ थान, क्यामरा ३ थान, लाईट १ थान रहेका छ ।

खाना खाने बहानामा जिल्ला सुनसरी ईटहरी स्थितमा रहेको प्राईम होटलमा लगी बिमल कार्कीलाई त्यही छाडी उक्त आर एन होटलबाट फोटोग्राफी सम्बन्धी सामाग्री चोरी गरी फरार भएको थियो ।

फरार रहेको अनुप ढकाललाई जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले निजको आफ्नै घरबाट माघ १ गते पक्राउ गरी ढकाललाई सहयोग गर्ने सोही स्थान बस्ने बर्ष २० को सारामस्र भट्टराईलाई समेत पक्राउ गरी चोरी कसूरमा थप अनुसन्धान कार्य भईरहेको छ ।

## दुईलाख...

रहेको छ । चालु आर्थिक बर्षको असार मसान्तसम्म मोरङमा ४५ प्रतिशत जनसंख्याको स्वास्थ्य बीमा गरिसक्ने लक्ष्य राखिएको छ ।

२०६८ को राष्ट्रिय जनगणना अनुसार मोरंगको जनसंख्या ९ लाख ६५ हजार छ । स्वास्थ्य बीमा बोर्डका अनुसार विराटनगरमा सवैभन्दा बढी ४५ हजार ८५७ जना स्वास्थ्य बीमा गरेका छन् । कार्यक्रमका बारेमा बुझ्केकाहरुले सहजै रुपमा बीमा गर्ने गरेको दर्ता अधिकारी पोखरेलले बताउनुभयो । गत बर्ष बीमा गरेका करिव ७० प्रतिशत हाराहारीले नविकरण गरेका छन् ।

५ जना सम्मको परिवारले बार्षिक प्रतिपरिवार ३ हजार ५ सय र ५ जना भन्दा बढी भए प्रति सदस्य ७ सय थप रकम लाग्ने भएता पनि ७० बर्ष माथिका जेष्ठ नागरिक, एचआईभी संक्रमित परिवार, एमडीआर क्षयरोगीका परिवार, कुष्ठरोग संक्रमितका परिवार र अति अशक्त अपाङ्गता भएकाको व्यक्तिको परिवारलाई पूर्ण सहुलियत दिने गरिएको स्वास्थ्य बीमा बोर्डले जनाएको छ ।

## ढाकछोप...

प्रस्तावको सामना गरेर प्रदेश १ लाई अन्यथा हुन नदिने उनले दावी गरेको छ ।

संघीयतालाई संस्थागत गर्न मुख्यमन्त्री भएर आएको भन्दै प्रदेशमा केही योगदान गर्न आएको हुँ जनताले चाहेको राजनीतिक स्थायीत्वको चाहनाको यात्रालाई निरन्तर अघि बढाउने छु ।

सरकारलाई घेरावन्दीमा पारेर देशलाई अस्थिरता र अराजकताबाट धकेल्ने काम भएपछि प्रधानमन्त्री ताजा जनादेशमा जानु परेको वताउँदै अहिले केही अन्यौलता देखिएपनि छिट्टै सही ट्र्याकमा आउने विश्वास व्यक्त गरेका थिए । नयाँ ढंगबाट विकास भएपनि छिट्टै सहि ट्र्याकमा आएर देश विकास र संबृद्धिको यात्रामा अघि बढ्ने विश्वास व्यक्त गरेका थिए ।

# प्रथम वडा अध्यक्ष कप क्रिकेट प्रतियोगिता

विष्णु राजवंशी

जहदा, माघ १ गते । प्रदेश नं. १ मोरंग जिल्लाको जहदा गाउँपालिका वडा नं. ३ मा प्रथम वडाअध्यक्ष कप क्रिकेट प्रतियोगिता सुरु भएको छ ।

प्रतियोगिताको समउदघाट्न प्रमुख अतिथी जहदा गाउँपालिका वडा नं ३ का वडा अध्यक्षमा अनिल कुमार ठाकुरले ब्याटिङ गरी खेल शुभारम्भ गरेका थिए । गाउपालिका क्षेत्रमा खेलकूद विकास र विस्तारलाई गाउँपालिकाले प्राथमिकता दिएको उल्लेख गर्दै आउने दिनमा अझै भव्यताका साथ खेलकूदका कार्यक्रम गरिने बताएका थिए ।

सो अवसरमा जहदा गाउंपालिका नपाल कम्यूनिष्ट पार्टी (नेकपा) का नेता सेबक नारायन राजबंशी, काशी राम राजबंशी र लक्ष्मीनीया युवा क्लबका अध्यक्ष नितेश कुमार साह, गायक तथा समाजसेवी विष्णु राजबंशी, प्रधानाध्यपक वालेशवर राजबंशी र वडा सचिब लिलाकान्त साह सहितको उपस्थिती रहेको थियो ।

हाथीबन्धा युवा क्लबल माघे संक्रान्तीको अवसरपारेर क्रिकेट प्रतियोगिताको आयोजना गरेको छ । उक्त प्रतियागितामा १६ टीमले भाग लिई प्रतिस्पर्धा गर्ने छन् ।

शुभारम्भ खेलमा विगो स्पोर्टीङ्ग क्लब गोल्छा चौक बिराटनगर र लाली गुरास स्पोर्टीङ्ग क्लब कटहरी बिचमा भएको थियो ।

उदघाट्न समारोह हाथीबन्धा युवा क्लब अध्यक्ष प्रितम कुमार राजवंशीको अध्यक्षतामा सम्पन्न भएको थियो ।

# एलपी ग्यासको उपभोक्ता सचेतना अभियान




विराटनगर, माघ १ गते । ग्यासबाट हुने सक्ने दुर्घटना न्यूनिकरणका लागि ग्यास विक्रेता संघ मोरंगले एलपी ग्यास उपभोक्ता सचेतना अभियान संचालन गर्दै आएको छ ।

सोही अभियान अन्तर्गत माघ १ गते विहीवारका दिन नेपाल पत्रकार महासंघ मोरंगको सभाहलमा प्रविधिक महेश पन्तले भने ग्यास सिलिण्डर प्रयोगमा गरिएको असाधानीले धेरैको ज्यान समेत गएकोले समाजमा उपभोक्ता संचेतना आवश्यक रहेको वताएका थिए ।

विक्रेतावाट ग्यास सिलेण्ड लिन वितिकै सिलिण्डरलाई कतै लिक छ कि भनेर जांच गर्न जरुरी छ सो चेक गर्न साबुन पानीले ग्यास सिलिण्डरबाट ग्यास निष्कने ठाउं चेक गर्नपर्छ, त्यसपछि ब्राण्डेड पाईपको प्रयोग, रेगुलेटर लगाउने तरीका, ग्यासवाट हुन क्षतिलाई रोक्ने तरीकाहरु सिकाएका थिए ।

उपभोक्तालाई सचेत गराउने काम राज्यको दायित्व भएकोले प्रदेश सरकारसंग कुरा भएको भन्दै प्रदेस सरकारको सहयोग भए १४ वटै जिल्ला सचेतना कार्यक्रम संचालन गर्ने एलपी ग्यास संघ मोरंगका अध्यक्ष सरलराज पोखरेलले जानकारी दिएका थिए ।

अहिले विराटनगर महानगरपालिकाको विभिन्न ठाउंहरुमा ग्यास उपभोक्तहरुलाई सचेतना दिदै आएको संघका कोषाध्यक्ष गणेश साहले वताए ।

**सूचना सूचना सूचना**

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरु काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।

**सडक डिभिजन विराटनगर, प्रदेश नं. १**




नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौ वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल ढाड तथा नशा रोग, **painless** प्रसुती सेवा, **Emergency** सेवा नया एंव अध्याधिक भरपर्दो **(ICU/MICU,NICU)** तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौ ।

### हाम्रो सेवाहरु :-

- ★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
- ★ रोग सम्वन्धी (PICU,NICU With Ventilator) सेवा
- ★ जनरल फिजिसियन सेवा
- ★ जनरल सर्जरी तथा हाडजोडनी नशा रोग सम्वन्धी सम्पूर्ण सेवा
- ★ Minor & Major surgery सेवा
- ★ Laparoscopic surgery (दुरवीन द्वारा अप्रेशन) सेवा
- ★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
- ★ 24 Hours Emergency सेवा
- ★ विशेष डाक्टरहरु द्वारा ओ.पि.डी. सेवा
- ★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
- ★ इनफर्टिलिटी क्लिनिक सेवा
- ★ **X–Ray, ECG,ECHO,USG,HSG,Cystoscopy**

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशकःश्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउटःविजय कु.मण्डल मुद्रकःबाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेलःcrimeopration@gmail.com

## सम्पादकीय

# कोरोनाबाट बच्न आफ्नो सुरक्षा आफै गरौं

विश्वका प्राय हरेक मुलुकमा कोरोनाको प्रभाव परेको छ । कोरोनाको संक्रमण करीब एक वर्ष भईसकेको छ तर पनि कोरोना संक्रमणको क्रम रोकिएको छैन । नेपालमा पनि कोरोना संक्रमण पूर्ण रुपमा रोकिएको छैन् । तर सरकारी कार्यालय, नीजीकार्यालय, गैरसरकारी संस्था, शैक्षिक संस्था, कलकारखाना, बजार पूर्ण रुपमा खुलिसकेको छ । सरकारले कोरोना संक्रमितहरुको वास्ता गर्न समेत छोडि सकेको अवस्था छ । त्यसैगरी बढी भिडभाड हुने, मल, सिनेमाहल, विद्यालय जीमखाना लगायतका कार्यालयहरु समेत खोल्न दिने नेपाल सरकारको तयारी छ । केही साता भित्र अनुमति लिएर सवै क्षेत्रहरु खुल्ने अवस्थामा रहेको छ । कोरोना संक्रमणको जोखिम कायमै रहेको अवस्थ्मा देशका आर्थिक संकटको सामना गर्न नसकेर ती कार्यालयहरु खोल्न लगाएको वास्तविकता आम नेपाली नागरिकले बुझि रहेको छ । त्यसैले आफ्नो सुरक्षा आफै गर्न प्रयाप्त सावधानीका साधनहरु प्रयोग गरी मात्रै आ-आफ्नो दैनिक कार्यमा फर्किन जरुरी छ ।

कोरोना संक्रमणवाट बच्न नेपाल सरकारले लगाएको बन्देजहरु कागजी रुपमा नखुलेपनि व्यवहारीक रुपमा खुलिसकेको छ । जसले गर्दा गाउंघर लगायत एक ठाउंको मानिस अर्को ठाउँमा आवजावतले बजारमा भिडभाड बाक्लिएको छ । कोरोना संक्रमण केही होइन यो त रुघाखोकी हो भन्दै खेलाँची ठान्ने प्रवृति बढेको बढै छ । कोरोना भनेको सामान्य रहेछ र यो रोग लागे पनि सजिलै निको हुने रहेछ भन्ने आम मानिसको गलत बुझाइले जोखिम बढिरहेको छ । कोरोना परीक्षणको दर घट्दै जानु र स्वास्थ्य सचेतनामा ध्यान नदिने प्रवृत्ति रोक्न सकिएन भने फेरि पनि संक्रमणले विकराल रूप लिँदैन भन्ने सकिँदैन । हरेकले आफ्नो स्वास्थ्यको आफैं ख्याल गर्नुपर्छ । सरकार वा अन्य कुनै पनि पक्षको मुख नताकी कोरोना नियन्त्रण गर्ने दायित्व मेरै हो भन्ने भावना हरेक नागरिकमा पलाउन जरुरी छ । यसमामिलामा आम नेपाली नागरिक आफै संचेत हुन पर्छ ।

नीजी तथा सरकारी शैक्षिक संस्था, कलकारखाना, उद्योग लगायत खोल्न आतुर भएको व्यपारीहरुले घरमा बसी आफ्नो व्यवसाय चलाएर फाईदा लिई रहेन्छ त्यसको मारमा हामी निमुखा नेपाली जनताहरु काम नगरी खान पाउँदैनौ दैनिक कमाउन दैनिक खाने मजदुर वर्ग बढी मारमा पर्दछ । त्यसैले व्यक्तिगत सुरक्षाका लागि मास्क लगाउने, स्यानिटाइजर बोक्ने र बजार, मल, सिनेमा हल, स्कुल तथा कलेजहरुमा भीडभाडबाट टाढा रहनु नै उपयुक्त हुन्छ । यसका लागि भिडभाड हुने ठाउँमा स्वास्थ्य मापदण्ड पुरा गराउन संम्वन्धीत संस्थाको दायित्व रहेको छ र त्यसको अनुगमण गर्ने सरकारी संयन्त्रलाई कडाईका साथ लागु गर्न गराउन स्थानीय सरकार, प्रदेश सरकार र केन्द्रिय सरकार लाग्नु अहिलेको मुख्य आनवश्यकता रहेको छ ।

# साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ । मनोर ञ्जन र भ्रमणको योग छ ।**

**वृष** (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : **वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ ।**

**मिथुन** (**क,कि,कु,घ,ङ,छ,के,को**,ह) : युवा वर्गका लाीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने ।

**कर्कट** (**हि,हु,हे,हो,डा,डि,डु,डे,डो**) : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ।

**कन्या** (**टो,प,पी,पू,ष,ण,ठ,पे,पो**) : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला** (**रा,री,रु,रे,रो,ता,ती,तु,ते**) :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला । काममा विघ्न वाधाहरु आउन सक्नेछन ।

**वृश्चिक** (**तो,ना,नि,नू,ने,नो,या,यि,यू**) : **बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु** (**यो,भा,भी,भू,ध,फा,ढ,भे**) : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर** (**भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी**) : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ । महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द) :**सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला । भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन** (**दी,दु,थ,झ,ञ,दे,दो,च,ची**) : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ।

# सर्वसत्तावादी चिन्तनले गलेको नेकपा

**गोविन्द विक**

नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को नेतृत्व वर्गमा व्याप्त सर्वसत्तावादी चिन्तनले नै आज मुलुकमा राजनीतिक अस्थिरताको अवस्थामा पुगेको हो । सत्तारुढ दलभित्रका केही नेतासँगको रिस र सनकका भरमा प्रधानमन्त्री केपी शर्मा ओलीले संविधानमै नभएको प्रावधान प्रयोग गरी प्रतिनिधि सभा विघटन गराएपछि मुलुकको राजनीतिक अवस्था त बिग्रियो नै यसले प्रतिक्रान्तिको खतरा पनि निम्त्याउँदै छ ।

सरकार गठनको सुरुबाटै सत्तारुढ दलभित्र खटपट हुन थालेको थियो । दलका अध्यक्ष द्वय केपी शर्मा ओली र पुष्पकमल दाहाल 'प्रचण्ड'को व्यवहार र कार्यशैलीमा दम्भ र अहङ्कार बढेको अनुभव हुन थालेको थियो । ओलीले आफ्नै ढिपी गर्ने, कसैको कुरै नसुन्ने र कसैलाई गन्दै नगन्ने अरूको कुरै नमान्ने गर्न थाले भने प्रचण्ड पनि ओलीलाई 'साइज'मा ल्याउने कसरतमा लागे । अन्ततः सत्तारुढ दल विखण्डनको अवस्था पुग्यो । नेतृत्वको अहङ्कार र सर्वसत्तावादी चिन्तनले नेकपालाई धुजा धुजा बनायो । अध्यक्ष द्वय एक अर्काप्रति कटाक्ष गर्दै हिँड्ने अवस्थामा पुगे ।

नेकपाका अध्यक्ष तथा कामचलाउ सरकारका प्रधानमन्त्री केपी शर्मा ओलीको 'हुकुम'ले नयाँ जनादेश निर्देशित गर्ने हो कि संविधानले निर्देशित गर्ने हो रु यसका बारेमा पनि राजनीतिक वृत्तमा प्रश्न उठ्न थालेको छ । के कुनै नेताको सनकले मुलुकलाई अन्योलमा धकेल्न मिल्छ रु विधिको शासनमा व्यक्तिको रिस वा आवेगले मुलुकलाई अस्थिरतामा लान पाइँदैन ।

दलभित्रको झगडाले संसद् विघटन भएपछि सत्तारुढ दल दुई खेमामा विभाजित भएको छ । एउटा खेमा चुनाव हुन्छ सबै चुनावमा लागिसके भन्दै देश दौडाहामा जनतालाई उखान र टुक्काले हसाउनमा व्यस्त छ भने अर्को खेमा आन्दोलन गर्न अन्य राजनीतिक दलसँग मोर्चाबन्दी गर्ने कसरतमा जुटेको छ । प्रतिनिधि सभा विघटनको मुद्दा अदालतमा पुगेको हुनाले सम्मानित अदालतको फैसला नै निर्णायक हुन्छ संसद् ब्युँतिन्छ या ब्युँतिदैन भन्नेमा ।

यसका बारेमा अनावश्यक टीकाटिपणी गर्न अनुचित हुन्छ । तर, अहिलेको नेकपाका नेताहरूले आआफना पक्षमा गर्दै हिँडेको भाषणवाजी जनमानसमा अपच भइसक्यो । कुन नेताले के बोल्यो भन्दा पनि कुन नेताले नेतृत्व गरेको समयमा के परिवर्तन भयो र हाम्रो दैनिकीमा कति सकारात्मक प्रभाव परेको थियो भन्ने मूल्याङ्कन जरुरी भएको छ ।

> **चुनाव हुँदा पार्टीको चुनाव चिन्हमा बहकिएर उमेदवारको क्षमता, दक्षता, प्रतिबद्धता, अग्रगमन, चिन्तन, दूरगामी सोच भएको उमेदवार नहेर्दा आज हामीले यो दुर्दशा भोग्नु परिरहेको छ । जनताले राजनीतिक स्थिरताका निम्ति, देश विकास हुने अपेक्षा, निम्नवर्गीय जनताको जीवनमा समृद्धि आउने आशामा नेकपालाई करिब दुई तिहाइको नजिक मत दिएर सत्तामा पठाएका थिए । नेकपाका अध्यक्ष द्वय ओली र दाहाल दुवै निम्न वर्गीय जनताका आवाज बोल्ने नेता भएको भ्रम जनतामा परेको थियो । तर, नेकपाको झगडाले विखण्डन निम्त्याएपछि जनतामा निराशामात्र बढेको छ । सँगै भएर कुरा मिलुन्जेल देशै डुबाउने सहमति हुँदा पनि एकअर्काको बारेमा चुँक्क नगर्ने ओली आज फरक मत राख्नेका विरुद्ध अरिँगाल झैँ चिल्दै हिँडेका छन् भने जनताका लागि चुइँक्क नबोल्ने प्रचण्ड पद सत्ताका लागि सडकमा उफ्रिँदैछन् ।**

चुनाव हुँदा पार्टीको चुनाव चिन्हमा बहकिएर उमेदवारको क्षमता, दक्षता, प्रतिबद्धता, अग्रगमन, चिन्तन, दूरगामी सोच भएको उमेदवार नहेर्दा आज हामीले यो दुर्दशा भोग्नु परिरहेको छ । जनताले राजनीतिक स्थिरताका निम्ति, देश विकास हुने अपेक्षा, निम्नवर्गीय जनताको जीवनमा समृद्धि आउने आशामा नेकपालाई करिब दुई तिहाइको नजिक मत दिएर सत्तामा पठाएका थिए । नेकपाका अध्यक्ष द्वय ओली र दाहाल दुवै निम्न वर्गीय जनताका आवाज बोल्ने नेता भएको भ्रम जनतामा परेको थियो । तर, नेकपाको झगडाले विखण्डन निम्त्याएपछि जनतामा निराशामात्र बढेको छ । सँगै भएर कुरा मिलुन्जेल देशै डुबाउने सहमति हुँदा पनि एकअर्काको बारेमा चुँक्क नगर्ने ओली आज फरक मत राख्नेका विरुद्ध अरिँगाल झैँ चिल्दै हिँडेका छन् भने जनताका लागि चुइँक्क नबोल्ने प्रचण्ड पद सत्ताका लागि सडकमा उफ्रिँदैछन् ।

मुलुकमा कोरोना महामारीले अत्यायो । जनता भोकले छटपटिए । मजदुर एकछाक खान सडकमा लाम लाग्न लागे । मलर सदाहरुले खानै नपाएर ज्यान गुमाए । राधा सदाहरु काँचो आँप खाएर तड्पिए । प्रचण्डले यी समस्या उठाएर ओलीसँग जवाफतलब कहिल्यै गरेनन् । पार्टीको समस्या भन्दा पनि जनताको समस्या प्रमुख भएकोले अहिले म जनताको समस्यामा केन्द्रित हुन्छु भनेर ओलीले भनेको पनि कहिल्यै सुनिएन ।

केपी शर्मा ओलीले देशै बेचेर खाइसके भने जसरी प्रचण्डलाई अहिल्यै प्रधानमन्त्री हुनुपर्ने र ओलीलाई प्रधानमन्त्रीको कुर्सी भनेको आफ्नै बिर्ताजस्तै गरी छोड्नै नहुने सामन्ती प्रवृत्तिले गर्दा उनीहरूको पार्टी चिरा परेको हो । ओलीले पार्टीभित्रको झगडालाई गौण मानेर जनमुखी काममा ध्यान दिई जनता हितमा खुरुखुरु काम गरेका भए विरोधी त्यसैपछि हट्थे ।

प्रचण्डले पनि दुई वर्षसम्म पदको लोभ नगरी जनताको दुःखमा आफूलाई संलग्न गराई जनमुखी काम गर्न सरकारलाई सकारात्मक दबाब दिने काम गरेका भए जनताले चुनावमा मूल्याङ्कन गर्ने नै थिए । अहिले नै सत्ता र शक्तिको हतारोले पार्टीभित्र विवाद जन्माएर त्यसको असर जनता र मुलुकले भोग्नुपर्ने अवस्था उत्पन्न भयो ।

विश्वव्यापी महामारी कोरोनाको निःशुल्क उपचार गर्ने खर्च छैन भनेर सरकारले परीक्षण तथा उपचारमा जनतासँग शुल्क लिने निर्णय गरेको सबैलाई थाहै छ । पैसा नभएको भन्दै भोका जनतालाई पनि सरकारले सहायता दिएन । पैसाकै अभावले अस्पतालहरूमा पर्याप्त भेन्टिलेटर तथा आईसीयुको व्यवस्था हुन नसक्दा संक्रमितहरुले उपचार नपाएरै ज्यान गुमाए । कोरोनाले व्यवसायीहरु थला परेका छन् । तिनीहरुलाई ऋण दिन पनि सरकारसँग बजेट छैन । देशको अर्थतन्त्र धाराशायी भएकोमा सरकारलाई चासो देखिँदैन । यस्तो अवस्थामा खर्चको भारको वास्तै नगरी नयाँ जनादेश माग्न सरकार कस्सिएको छ । यो जति दुःखद र मूर्खता अरू के हुन सक्छ रु

अन्ततः पार्टीलाई नै जनविश्वासबाट टाढा लाने वातावरण नेकपाका नेतृत्वले नै तयार गर्दैछ । दूरगामी सोच र प्रगतिशील चिन्तन भएको नेतृत्व सत्ता र शक्तिको जोखाना हेर्नभन्दा जनताको पीडा र मुलुकको भविष्यप्रति आफूलाई सधैँ तल्लीन गराउँछ । पद र सत्ताका लागि जनताको दुःखको उपेक्ष गर्ने नेतृत्व जनताका मनमा कहिलै पनि बस्न सक्दैन । लोकतन्त्रमा सधैँ विधिको शासन र जनताका समस्यालाई प्राथमिकता दिइन्छ । लोकतन्त्रको सुन्दरता नै यही हो । तर, अहिले नेकपाभित्र मौलाउँदै गएको अस्वस्थ प्रवृत्तिले नेपाली नागरिक निराश भएका छन् भने मुलुकले बाटो बिराउने जोखिम पनि त्यत्तिकै छ ।

बाह्रखरीबाट ।

**छोरा छोरी दुवै बरावरी त्यसैले दुवैलाई विद्यालय पठाऔं ।**

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरिसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि. ०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७, ९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय ०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय ५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर ५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली ८०१००८०१३०
इ.प्र.का. उर्लाबारी ०२१-५४०००२
सिमा प्रहरी चौकी ०२१-४३५८४०

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

# चुनाव चिन्ह र झण्डाको जोखना हेर्न थाले एमालेका नेतागण



विराटनगर । प्रधानमन्त्री केपी शर्माले गरेको प्रतिनिधी सभा विघटनको असंबैधानिक कदमलाई खारेज गरी प्रतिनिधी सभा पुणर्स्थापन गर्न नेकपाका नेतागण एकजुट हुनु पर्ने वेलामा चुनाव चिन्ह र झण्डा कसको हुने, जोखना हेर्न थालेको एमालेका नेतागणहरुलाई नेकपाकी नेतृ एवंम प्रतिनिधी सभा सदस्य रामकुमारी झाक्रीले आरोप लगाएको छ ।

अनेरास्ववियु मोरङले विराट नगरमा गरेको कार्यक्रमलाई सम्बोधन गर्दै नेतृ झाँक्रीले सो आरोप लगाउँदै ओलीकै अगुवाईमा विगतमा संविधानसभा र अहिले प्रतिनिधिसभा विघटन दावी गरेका थिए ।

प्रतिनिधिसभा विघटनपछि पार्टीमा डरलाग्दा अवसरवाद देखापरेको भन्दै नेतृ झाँक्रीले चिन्ता व्यक्त गर्नुभएको छ । 'झण्डा र चिन्ह के हुन्छ भनेर साथीहरु निर्णय गर्न नसकेर बसिरहनुभएको छ,' उहाँले भन्नुभयो 'के चिन्ह पहिल्यै ढुंगामा कुँदिएर आएको हो ? अनि भोली चिन्हको पछाडि सति जानेकी कम्युनिष्ट बिचार आदर्श र सत्यको पक्षमा एक्लै भएपनि लड्ने ? पार्टी भित्र कति डरलाग्दो अवसरवाद प्रवेश भएछ ।' उहाँले पूर्व एमाले एक ठाउँमा हुनुपर्छ भन्दै केही व्यक्तिहरु हिडिरहेको भन्दै उहाँले प्रधानमन्त्री केपी ओली एमालेको नेता हो कि नेकपाको भन्ने प्रश्न पनि गर्नुभएको छ ।

केपी शर्मा ओली विदेशको इशारामा चल्ने नवतानाशाहको शैलीबाट अघि बढेको भन्दै झाक्रीले निरंकुश, स्वेच्छाचारी लहड र सनक नै भएको उनको भनाई थियो । ओलीले जनता र जनताको प्रतिनिधिमुलक संस्थाहरुलाई पटक-पटक ढाँट्ने काम गरिरहेको भन्दै संसदमा झुट बोल्ने प्रधानमन्त्री कारवाहीको भागिदार भएको प्रष्ट पारेका थिए ।

बालुवाटारका स्वाद पाएका केपी शर्मा ओली तीन वर्षमा नौ पटक मात्र संसदमा उपस्थितभउको ती उपस्थितिमा पनि झ्ठ्ठा कुरा र उखानटुक्का मात्र सुनाएको स्मरण गराउँदै संसदमै झुठा बोलेमा विदेशमा कुर्सी छोड्नु पर्छ तर प्रधान मन्त्री केपी शर्मा ओली नैतिकता छोड्न तयार भए तर कुर्सीमा लाज पचाएर बसी राखे यस्तो छ केपी ओलीका प्रवृति । उसलाई कुनै किसिमको लज्या वोध छैन ।

प्रतिनिधिसभा विघटन गर्ने कदमबाट नेपालमा केशरजंग रायमाझीको इतिहासको पुनरावृत्ति भएको भन्दै झाक्रीले प्रधानमन्त्रीलाई देश र जनताप्रति कुनै मतलव नभएको टिप्पणी भने केवल राष्ट्रपति विद्या भण्डारी र मदन भण्डारी फाउण्डेसन मात्र चाहिएको छ ।

प्रतिनिधिसभा विघटनजस्तो प्रतिगामी कदमको समर्थन गर्ने समूहले साइबर सेना बनाएको भन्ने विषयमा पनि नेतृ झाँक्रीले कटाक्ष गर्नुभएको छ । उहाँले प्रश्न गर्नुभयो 'साइबर सेनाको काम के हो ? फरक बिचार राख्नेको चरित्र हत्या गर्नेबाहेक त्यसले के काम गर्छ ?'

समयमै प्रधानमन्त्री ओलीको गलत कदमलाई नरोकेर पार्टीका अरु नेताहरुले पनि गम्भीर गल्ती गरेको झाक्रीको आरोप थियो । 'आजको दुर्दशाको जिम्मेवार हाम्रा अरु नेताहरु पनि हुन्, समयमै ओलीको गलत क्रियाकलाप नियन्त्रण नगरेकै कारण नव तानाशाहको उदय भएको छ । 'वैशाख ८ गते अध्यादेश ल्याएर दल विभाजनको प्रयत्न गरेपनि नै किन तपाईंहरुले कारवाही गर्नुभएन वहांको प्रश्न थिया । किन अहिले पनि सरकारका मन्त्रीहरुलाई बहिष्कार गर्ने निर्णय गर्ने आँट गरिरहनुभएको छैन ?'

नेकपाका केन्द्रीय सदस्य महेश रेग्मीले ओलीको प्रतिगामी कदमले मुलुकलाई पछि धकेलेको बताउनुभयो । नेकपा प्रदेश सदस्य कुशल लिम्बूले ओली आन्दोलनबाट फ्याँकिने दाबी गर्नुभयो । नेकपा मोरङ सचिव गणेश उप्रेतीले आन्दोलनबाट ओलीको कदमको विरोध गर्दै जनतासमक्ष जानुपर्ने बताएका थिए ।

कार्यक्रममा मृत्युञ्जय झा, अनेरास्ववियु मोरङ अध्यक्ष टेकेन क्षत्री, केन्द्रीय सदस्य ताजिम अन्सारी केन्द्रीय सदस्य जिसस न्यौपाने, अनेरास्ववियु मोरङका सह इन्चार्ज सुमन कालीकोटे लगायतले संविधानसभा विघटन संविधान विपरित भएको भन्दै आन्दोलनमा उत्रिन आव्हान गर्नुभयो । अनेरास्ववियुले एकता प्रक्रिया टुंग्याउँदै २३१ सदस्यीय जिल्ला कमिटी, सबै आंगिक क्याम्पस कमिटीहरुलाई पूर्णता दिएर सबै सदस्य र पदाधिकारीहरुलाई अनेरास्ववियुकी पूर्वअध्यक्षसमेत रहनुभएकी नेता झाँक्रीले शपथ ग्रहण गराएका थिए ।

## लागूऔषध सहित तीन पक्राउ

विराटनगर । लागुऔषध सहित तीनजनालाई प्रहरीले विभिन्न स्थानवाट पक्राउ गरेको छ ।

घटनाको विवरण अनुसार जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. १६ हुलास चोक स्थित लागु औषध ब्युरो विराटनगरबाट खटिएको प्रहरी टोलीले पैदल यात्री जिल्ला मोरङ सुन्दर हरैचा नगरपालिका वडा नं. ११ बस्ने बर्ष ३२ को कुशल चौधरीलाइ चेकजाँच गर्ने क्रममा लागुऔषध फेलापरेपछि पक्राउ गरेको हो ।

पक्राउ परेका चौधरीको साथबाट लुपिजेसिक-६ एम्पुल, एभिल-६ एम्पुल, डाईजेलाब-६ एम्पुल, फेनारगन-६ एम्पुल गरी २४ एम्पुल लागुऔषध वरामद गरेको छ ।

सोही दिन उक्त स्थानमा ईलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरी टोलीले जोगवनीबाट नेपालतर्फ पैदल आउँदै गरेका पथरी शनिश्चरे नगरपालिका वडा नं. २ बस्ने बर्ष २४ को अनिल कुमार राईलाई लागुऔषध सहित पक्राउ गरेका छ ।

पक्राउ परेका राईको साथबाट लुपिजेसिक ८, एभिल ८, डाईजेल्याव ८ र फेनारगन ८ एम्पुल गरी ३२ एम्पुल अवैध लागु औषध फेला पारेको थियो ।

त्यसैगरी जिल्ला मोरङ सुनबर्सी नगरपालिका वडा नं. ८ हर्सनगडी चोक स्थितमा दक्षिणबाट पुर्वतर्फ आउदै गरेको पैदल यात्री जिल्ला मोरङ पथरी शनिश्चरे नगरपालिका वडा नं. १ बस्ने बर्ष २८ को अनिश नेपालीलाई चेकजाँचको क्रममा निजको साथबाट नाईट्रोभेट ट्याब्लेट २३ पिस, क्षएेर्इ ६ एम्पुल, डाईजोल्याव ६ एम्पुल, फेनारगन ६ एम्पुल र एभिल ६ एम्पुल अवैध लागु औषध सहित पक्राउ गरेको हो ।

प्रहरी चौकी सिक्टीबाट खटिएको प्रहरी टोलीले फेला पारी निजलाई लागु औषध सहित नियन्त्रणमा लिएको थियो ।

पक्राउ परेका तीनै जना उपत्रर थप अनुसन्धान कार्य भईरहेको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ ।

कोरोना भाइरस (कोभिड-१९) के संक्रमणसे बचैके लेल समाजिक दुरी कायम करु आर माक्स लगाऔ ।


## कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

केराबारी गाउँपालिका मोरंग प्रदेश नं. १


## लागुऔषध सहित मोरंगको दुई स्थानबाट पाँच पक्राउ

विराटनगर । मोरंग दुई स्थानवाट नियन्त्रित लागु औषध सहित ५ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

घटनाको विवरण अनुसार मोरङको लेटाङ नगरपालिका वडा नं.२ चिसाङ पुल छेउबाट लागुऔषध सहित ४ जना पक्राउ परेका छन् । ईलाका प्रहरी कार्यालय लेटाङबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको हो ।

पक्राउ पर्नेहरुमा लेटाङ नगरपालिका वडा नं.४ का २६ बर्षीय बिकेन राई, १६ बर्षीय शिसिर घिमिरे, २५ बर्षीय राज कुमार लिम्बु र लेटाङ नगरपालिका वडा नं.३ की २२ बर्षीया अनु राईलाई रहेका छन् ।

तिनीहरुको साथबाट प्रहरीले लागुऔषध फेनारामाईन २० ट्याब्लेट, फेनारागन २० ट्याब्लेट, लुपिजेसीक २० एम्पुल र डाईजेल्याव १९ एम्पुल बरामद गरेको छ ।

लागुऔषध सहित पक्राउ परेका उनीहरुको सम्बन्धमा थप अनुसन्धान भईरहेको ईलाका प्रहरी कार्यालय लेटाङले जनाएको छ ।

त्यसैगरी जिल्ला मोरङ बिराटनगर महानगरपालिका वडा नं. १६ दरैया स्थितमा ईलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरी टोलीले भारत जोगवनीबाट नेपालतर्फ पैदल यात्रीलाई लागु औषध सहित पक्राउ गरेको छ ।

जिल्ला मोरङ बिराटनगर महानगरपालिका वडा नं. १ कटहरी बस्ने बर्ष ३३ को शिव नारायण साह लाई चेकजाँच गर्ने क्रममा निजको साथबाट २ बोतल कोरेक्स, नाईट्राभेट २ पिस, स्पासमोप्रोफेक्स २ पिस फेला पारी नियन्त्रणमा लिएको थियो ।

लागुऔषध सहित पक्राउ परेका उनीहरुको सम्बन्धमा थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ ।


## विराटनगर महानगरपालिकाको सूचना

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- सडक तथा पेटीकीनारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- बालश्रम शोषण समाजिक अपराध हो ।
- विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- सार्वजनिक स्थलमा जतातततै फोहोरमैला नफालौं ।


मोटर साइकल चलाउदा हेलमेट अनिवार्य प्रयोग गरौं ।


कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

१. कसरी सर्छ कोरोना भाईरस ?
क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट
२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?
क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।
3. यसबाट बच्न के–के गर्ने ?
क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।
केराबारी गाउँपालिका मोरंग प्रदेश नं. १

# मोटर साईकल चोरीमा संलग्न एक समूहका सात जना प्रहरी द्वारा पक्राउ



झापा । मोटर साईकल चोरीमा संलग्न एक समूहलाई प्रहरीले पक्राउ गरेको छ ।

घटनाको विवरण अनुसार जिल्ला प्रहरी कार्यालय झापाले मोटरसाईकल चोरीमा संग्लग्न रहेका ७ जनालाई पक्राउ गरी सार्वजानिक गरेको छ ।

बिगत केही समयदेखि बिर्तामोड र अर्जुनधारा तथा कन्काई नगरपालिकाको एरिया ईलाकाहरुबाट मोटरसाईकल तथा स्कुटरहरु हराईरहेको भन्ने सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय अनारमनी तथा जिल्ला प्रहरी कार्यालय झापाबाट खटिएको प्रहरी टोलीले चोरी भएका मोटरसाईकल सहित चोरीमा संग्लग्न रहेका ७ जनालाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेहरुमा ईलामको माई नगरपालिका वडा नं. २ का २२ बर्षीय क्षितिज भनिने रोशन तामाङ, २० बर्षीय रोशन बुढाथोकी, माई नगरपालिका वडा नं. ६ का २० बर्षीय रोशन गिरी, ३० बर्षीय राजेश गिरी, २० बर्षीय मनिष गिरी, फाल्गुनन्द गाउँपालि वडा नं. ३ घर भई बिर्तामोड बस्ने २१ बर्षीय रोशन भन्ने पासाङ तामाङ र सिदिङवा गाउँपालिका वडा नं. ४ का २२ बर्षीय सन्दिप लिम्बु रहेका छन् ।

मोटरसाईकल तथा स्कुटरहरु चोरी गर्ने मानिसहरुको पहिचान गर्न अपरेशन हण्ट नाम दिई सुक्ष्म रुपमा अनुसन्धान थालेको प्रहरी टोलीले चोरी भएको ४ थान मोटरसाईकल सहित ७ जनालाई नियन्त्रणमा लिएको छ भने अन्य ११ थान मोटरसाईकल बिभिन्न स्थानहरुबाट फेला पारेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ । घटना सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

# बेवारीसे समानहरु बरामद

विराटनगर । भारतबाट नेपाल लुकाई छिपाई भित्रियाएको ववारीरे समानहरु प्रहरीले बरामद गरेको छ ।

जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. १६ दरैया स्थित ईलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरी टोलीले भारतबाट नेपालतर्फ अबैध रुपमा लुकाई छिपाई भन्सार छली गरी ल्याई वेवारिसे अवस्थामा छाडिएको विडी ६५ प्याकेट, खैनी १८ प्याकेट, गुल १७ प्याकेट र प्लाष्टिकको चम्चा ९० प्याकेट गरी अन्दाजी २४ हजार भन्दा बढिको सामान बरामद गरेको छ ।

त्यसैगरी भारतको जोगवनीबाट नेपालतर्फ अवैध रूमा भन्सार छली चोरी पैठारी गरी जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. १७ मटेरुवा स्थितमा विभिन्न प्रकारका भान्सामा प्रयोग हुने ४० हजार बरावरको सामाग्रीहरू ल्याई वेवारिसे छाडिएको अवस्थामा बराम गरेको छ ।

बरामद भएका समानहरुमा ग्यास चुला पेलेट २० वटा, ग्यास रेगुलेटर(४० पिस, कुकर बिड ७० पिस, गिलाश ४० पिस, कुकर हेन्डिल १५ पिस, कुकर सिटि ३५ पिस, किचेन ह्याङ्गर ३० पिस, कुकर सिटि नट २ प्याकेट, कुकर लबर ३८ प्याकेट, चम्चा ६ सय पिस, गुड ८० केजी रहेको छ ।

उक्त समानहरु ईलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरी टोलीले फेला पारी बरामद गरी आवश्यक कारवाहीको लागि मूल भन्सार कार्यालय रानीमा बुझाएको थियो ।

# मधेशको आर्थिक उन्नतीको आधार कृषि

जासर यादव

मधेश समृद्ध होस् भनेर करिब दुई दशक राजनीतिमा सक्रिय थिएँ । म आफ्नो डा.सीके राउतको स्वतन्त्र मधेश गठबन्धनमा लाग्नु पूर्व पनि अन्य राजनीतिक दलमा सक्रिय थिएँ । मधेशमा जब फोरम, तमलोपा लगायतका राजनीतिक दलहरु उदाए उनीहरुले पनि मधेशलाई समृद्ध बनाउने लगायतका नाराहरु नै दिएका थिए । तर वास्तवमा उनीहरुले मधेशको समृद्धिभन्दा पनि व्यक्तिगत स्वार्थ पूर्तिका लागि पसल खोलेको अनुभूति गरें । त्यसैले म राजनीतिमा नलागेर मधेशलाई कसरी समृद्ध बनाउन सकिन्छ भनेर एउटा योजना बनाएँ । मधेश कसरी समृद्ध हुन्छ भनेर त्यतातिर लागें । मधेशले अहिलेसम्म धोका मात्रै पाएको छ ।

आज मधेशका उर्बर भूमि बन्जरमा परिणत भइरहेको छ, यसको मुख्य दोषी को त ? अहिले हामीले मधेशको नाममा राजनीति गर्ने र मत लिनेहरुलाई नै म दोष दिन्छु । अहिले उनीहरुले प्रदेशमा सरकार बनाएका छन्, स्थानीय तहमा प्रतिनिधित्व गरिरहेका छन्, खै त मधेशलाई समृद्ध बनाएको ?

मैले दैनिक रुपमा ४०(५० जनाको हराहारीमा काम दिएको छु । उहाँहरुलाई दैनिक खानामा, दाल, भात, दुई ओटा तरकारी अचारसहितको भोजनको व्यवस्था गरेको छु । यो निमुखा जनताहरु हाम्रै मधेशका दलितहरु हुन् । उहाँहरु मध्ये धेरै जना सुकुम्बासीहरु छन् । उहाँहरुलाई मैले जेष्ठ १५ गतेबाट रोजगारी दिएको छु । आज उहाँहरुको सुखदुःख को साथि मैले नै बनेको छु । वाचा गर्ने नेताहरु त एक चोटि उहाँहरुको घरमा यस्तो कोरोनाको बेलामा पनि अलि अलि राहत त दिए हुन्थ्यो नि । राजनीतिको नाममा जति पनि दलहरु छन् त्यो दल हो कि दलाल हो कुरो बुझ्न नि गाह्रो । आज म एक जना व्यक्तिले दुई सय जनालाई रोजगारी दिने सोचमा छु । म जस्तो १० प्रतिशत युवाले मधेशमा नै रोजगारीको सर्जना गरियो भने के मधेश समृद्ध हुदैन र ? कि राजनीति मात्रै एउटा विकल्प छन् ? राजनीति एउटा गरिखाने भाडो मात्रै हुन् । हामी जस्तो कति युवा विदेशमा छन् त्यो रहरले हैन, बाध्यताले हो । हामी युवाहरु अब आफ्नै माटोमा समृद्धिको फुल फुलाउनु पर्छ ।

मैले तीन वर्षको लक्ष्य लिएको छु । अहिले म रौतहटमा कृषि कर्म गरिरहेको छु र महोत्तरीमा पनि सुरु गर्ने तयारीमा छु । रौतहटमा मैले दुई हजार लोकल हाँस, कुखुरा, माखा पालन, ५० वटा गाई, ५० वटा भैंसी, पाँच बिघामा मेवा, पाँच बिघामा अम्बा, पाँच बिघामा केरा, पाँच बिघामा सुन कागती लगायतको खेती छिट्टै नै सञ्चालन गर्न गइरहेको छु । मसँग अहिले ५० जनाको टिम छ । रौतहटमा सफल भइसकेपछि मैले आफ्नो टिमबाट मधेशका हरेक जिल्लामा पाँच(पाँच जना पठाएर मधेशभरि नै कृषि क्रान्ति ल्याउँछु । अहिले महोत्तरी र रौतहटमा तरकारी खेती, धान लगायत उब्जनी गरिरहेको छ, अब दोस्रो चरणमा फेरि पाँच वटा जिल्लामा सुरु गर्ने योजनामा छु । त्यसपछि तेस्रो चरणमा मधेशका सबै जिल्लामा यस्तै प्रकारका खाद्यान्न उब्जनीका लागि योजनाबद्धरुपले सञ्चालन गर्नेछु ।

किनभने त्यहाँबाट मेरो आम्दानीको स्रोत पनि बढ्छ र बैंकरहरुले पनि पत्याउने आधार हुन्छ । मधेशमा खेती गर्नका लागि सिंचाइको समस्या छैन । आफ्नो लगानीमा गरियो भने बोरिङ्ग, डीप बोरिङ्ग लगाएर गर्न सकिन्छ । मधेशमा जति पनि पानी छन् । (यादव एमरेष्ट कृषि फर्म प्रालिका अध्यक्ष हुन् ।) मधेश दर्पण फिचर सेवा ।



# अबैद्ध खाद्यय सामग्री बरामद

विराटनगर । भारतबाट भन्सार छली ल्याएका अवैध खाद्यय सामाग्रीहरु प्रहरीले बरामद गरेको छ

जिल्ला मोरङ बिराटनगर महानगरपालिका वडा नं. १४ स्थित जतुवा नजिक भारतको जोगवनीबाट नेपालतर्फ अवैध रुपमा भन्सार छली चोरी पैठारी गरी अन्दाजी ४५ हजार २ सय ६० रुपियां बराबरको विभिन्न किसिमका खाधान्य सामाग्री तथा लत्ता कपडाहरु वेवारीसे अवस्थामा फेला परेको हो ।

बरामद गरीएका समामग्रीहरुमा पापड ३८ प्याकेट, चक्लेट १५ प्याकेट, अमुल घ्यु १० प्याकेट, मसला १० पिस, जिरा मासला ६० प्याकट, भुजिया १६ प्याकेट १२ केजी, काजु १०केजी, गहुँको पिठो १ केजी को १९ प्याकेट, विभिन्न ब्रान्डका बिस्कुट २ कार्टुन, राजनिवास, तुल्सी ३ केजी, कागती अन्दाजी ८० केजी, लप्सि २ प्याकेट, लेडिज कुर्ती ६४ पिस रहको थियो ।

जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले फेला पारी बरामद गरी आवश्यक कारवाहीको लागि मूल भन्सार कार्यालय रानी, विराटनगरमा बुझाएको थियो ।

कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

१. कसरी सर्छ कोरोना भाईरस ?

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

3. यसबाट बच्न के–के गर्ने ?

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

रतुवामाई नगरपालिका मोरंग प्रदेश नं. १

कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

१. कसरी सर्छ कोरोना भाईरस ?

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

3. यसबाट बच्न के–के गर्ने ?

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

रतुवामाई नगरपालिका मोरंग प्रदेश नं. १




पूर्वाञ्चलको पहिलो र एक मात्र ट्रमा सेन्टर

MAX INTERNATIONAL HOSPITAL & TRAUMA CENTER (P.) Ltd.

Maximum care for life

Mahendra Chowk, Biratnagar-11, Morang (Nepal), Ph: 021521155/56, 9852027895

# लागुऔषध ब्राउनसुगर र ट्याब्लेट सहित ६ पक्राउ

बिराटनगर। १ नम्बर प्रदेशका झापा र मोरङ जिल्लाको तिन छुट्टाछुट्टै स्थानबाट शनिवार नियन्त्रीत लागूऔषध ब्राउनसुगर र ट्याब्लेट सहित ६ जनालाई प्रहरीले पक्राउ गरेका छन् ।

लागुऔषध नियन्त्रण ब्युरो बिराटनगरबाट खटिएको प्रहरी टोलीले दमक नगरपालिका वडा नं. ७ का ३६ बर्षीय किसन अग्रवाललाई ३ ग्राम १६ मिलिग्राम लागुऔषध ब्राउनसुगर सहित बिराटनगर महानगरपालिका वडा नं. १४ जतुवाबाट पक्राउ गरेको हो ।

बिशेष सूचनाको आधारमा खटिएको प्रहरी टोलीले मे १ च २८६२ नम्बरको कारमा सवार रहेका अग्रवाललाई रोकेर चेकजाँच गर्ने क्रममा निजको साथबाट उक्त परिणामको लागुऔषध बरामद गरेको थियो ।





त्यसैगरी बिराटनगर महानगर पालिका वडा १६ दरैया वस्तीबाट लागुऔषध ट्याब्लेट सहित ४ जना पक्राउ परेका छन् । ईलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरी टोलीले सुनसरीको धरान उपमहानगरपालिका वडा नं. १५ का २१ बर्षीय बिशाल बि.क., वडा नं. २ का २६ बर्षीय बिकाश कट्वाल, रामधुनी नगरपालिका वडा नं. ५ का ४२ बर्षीय रमेश लिम्बु र बराह नगरपालिका नगरपालिका वडा नं. ५ का २० बर्षीय निकेश श्रेष्ठलाई लुपिजेसिक १६ एम्पुल, फेनारगन १६ एम्पुल र एभिल १६ एम्पुल सहित पक्राउ गरेको हो ।

त्यस्तै झापाको मेचीनगर नगरपालिका वडा नं. १० धुलावारीबाट नियन्त्रीत लागुऔषध ब्राउनसुगर सहित १ जना पक्राउ परेका छन् ।

ईलाका प्रहरी कार्यालय धुलावारीबाट खटिएको प्रहरी टोलीले स्थानीय २३ बर्षीय अनिल सहनीलाई २ ग्राम लागुऔषध ब्राउनसुगर सहित पक्राउ गरेको हो । पक्राउ परेका उनीहरुको सम्बन्धमा प्रहरी थप अनुसन्धान गरिरहेको छ ।

# ठगी तथा कीर्ते र चोरी मुद्धाका प्रतिवादीहरु पक्राउ

विराटनगर । अदालतवाट सजाय पाएका ठगी तथा किर्ते र चारी मुघाका फरार प्रतिवादीहरुलाई प्रहरीले पक्राउ गरेका छ ।

जिल्ला मोरङ सुनवर्सी नगरपालिका वडा नं. २ अमरदह बस्ने ठगी तथा किर्ते मुद्दाको फरार प्रतिवादी बर्ष ५० को गोबिन्द बहादुर श्रेष्ठ सोही स्थानमा लुकीछिपी बसि रहेको भन्ने बिशेष सुचनाको आधारमा ईलाका प्रहरी कार्यालय रंगेलीबाट खटिएको प्रहरी टोलीले श्रेष्ठलाई पक्राउ गरीएको थियो ।

गरी आवश्यक कारवाहीको लागि सम्मानित जिल्ला अदालत मोरङमा बुझाउने कार्य भई रहेको ।

त्यसैगरी जिल्ला मोरङ रंगेली नगरपालिका वडा नं. ४ चोप्राह बस्ने वन (चोरी) तथा रजनी डाका चोरी मुद्दाका फरार प्रतिवादी बर्ष ६३ को भोटो प्रसाद मण्डल र बर्ष ५५ को वनारसी मण्डल गाँउ घरमा लुकीछिपी बसि रहेका छन् भन्ने सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय रंगेलीबाट खटिएको प्रहरी टोलीले फेला पारी नियन्त्रणमा लिएको थियो ।

फरार प्रतिवादीहरुलाई पक्राउगरी आवश्यक कारवाहीको लागि सम्मानित जिल्ला अदालत मोरङमा बुझाएको छ ।

# अबैद्ध लत्ताकपडा र खाद्यान्न सामग्री प्रहरीद्धारा बरामद

विराटनगर । भारतको जोगवनी वाट अवैध रुपमा कर छली गरी ल्याएका बेवारीसे लत्ता कपडा र खाद्यान सामग्री प्रहरीले बरामद गरको छ ।

विहीवार जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले जिल्ला मोरङ बिराटनगर महानगरपालिका वडा नं. १४ स्थित जतुवा नजिक भारतको जोगवनीबाट नेपालतर्फ अवैध रुपमा भन्सार छली चोरी पैठारी गरी बेवारीसे छडिएका ६४ हजार भन्दा बढिको बिभिन्न लत्ता-कपडा तथा खुद्रा पसलको सामाग्रीहरु बरामद गरेको हो ।

बरामद सामाग्रीहरूमा लेडिज बर्को १९ पिस, जेन्स भेष्ट १७५ पिस, बच्चाको भेष्ट कट्टु ७६ सेट, पेन्टी ४० पिस, गाम्छा ४७ पिस, कछाड २० पिस, लेज १३५ पिस, हेप्पी डेन्ट चक्लेट ३१ बट्टा, बिस्कुट १ कार्टुन २२ पिस, लक्ष्मण रेखा १२ प्याकेट रहको छ ।

बेवारिसे अवस्थामा फेला पारी बरामद गरी आवश्यक कारवाहीको लागि मूल भन्सार कार्यालय रानी विराटनगरमा बुझाएको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ ।

# प्रदेश १ मा अब के होला ?

विक्रम लुइटेल

प्रधानमन्त्री केपी शर्मा ओलीले संसद् विघटन गरी ताजा जनादेश लिने घोषणासँगै राजनीतिक माहोल देशव्यापीरुपमा तातेको छ । यसको असर प्रदेशतिर पनि देखिएको छ । खास गरेर नेकपाभित्रको विवादले उत्पन्न भएको परिवेशले देश नै तरङ्गित भइरहेका बेला नयाँ अभ्यासमा गइरहेका संघीय संरचनाहरु पनि धर्मराउने हुन् कि भन्ने चिन्ता सुरु भएको छ ।

नेकपाभित्रको अन्तरद्वन्द्वले प्रदेश सरकारहरु ढल्ने अवस्थामा पुगेपछि परिस्थिति जटिलता बढेको छ । ०५२ सालदेखि नेपालमा भित्रिएको सांसदहरुको विकृति प्रदेशहरुमा भित्रिने खतरा सिर्जना भएको छ । यसले केन्द्रीय सत्तामा देखिएको विकृति अब प्रदेशतिर झाँगिने र अन्ततः प्रदेशको संरचनामाथि प्रश्न उठ्ने खतरा उत्तिकै छ ।

त्यही सेरोफेरोमा यो लेखमा भने प्रदेश १ का मुख्यमन्त्री शेरधन राईमाथि अविश्वासको प्रस्ताव पेस गरेपछि राजनीतिक समीकरण कस्तो होला र प्रदेशलाई कस्तो खतरा आउन सक्छ भन्ने विश्लेषण गर्न खोजिएको छ ।

पहिलो - प्रदेशसभामा ६७ सदस्य रहेको नेकपाका ३७ सांसदले प्रदेशमा मुख्यमन्त्री शेरधन राईविरुद्ध अविश्वासको प्रस्ताव पेश गरेका छन् । आगामी माघ ७ बाट प्रदेश सभा आह्वान गरिएको छ । नियमित आह्वान भए पनि यसमा पक्कै पनि पहिलो एजेण्डा अविश्वासको प्रस्ताव हुनेछ । यो प्रस्ताव पारित भएमा मुख्यमन्त्रीका रुपमा भीमप्रसाद आचार्य चयन हुनेछन् ।

कुल ९३ सदस्य रहेको सभामा बहुमत पुर्याउन आचार्यलाई ४७ जना सांसद चाहिने भएकाले यो संख्या पुऱ्याउन भने मुस्किल देखिन्छ । कांग्रेसको समर्थनमा मात्र अविश्वासको प्रस्ताव पास हुन्छ । साना दलका ५ सांसद भए पनि यो समूहलाई कांग्रेसबिना अघि बढ्न गाह्रो छ ।

दोश्रो - अहिलेका मुख्यमन्त्री शेरधन राईलाई समर्थन गरेर कांग्रेसले सरकारको निरन्तरता दिन सक्छ भन्ने बहस पनि भइरहेको छ । अहिलेको अवस्थामा प्रदेशको स्थिरताको लागि बाहिरबाट समर्थन गरेर सरकार टिकाइदिने रणनीति उसको हुन सक्छ । यसो गर्दा प्रदेशको स्थिरताका लागि योगदान दिएको र सत्ताप्रति कांग्रेस लालची छैन् भन्ने सन्देश दिएर १ वर्षपछि हुने स्थानीय चुनाव र त्यसपछिको चुनाबमा उसले राम्रो फाइदा लिन सक्छ ।

तेश्रो - मुख्यमन्त्री शेरधन राईलाई मन्त्रालय बाडँफाँडको आधारमा समर्थन गरेर कांग्रेस सरकारमा जान सक्छ । यस्तो सम्भावना भीम आचार्यसँग समीकरण गरेर पनि कांग्रेसले भाग लिन सक्ने उत्तिकै सम्भावना छ । तर, भीम आचार्यको स्वभावजन्य समस्यामा कारण र सुनसरीमा रहेको कांग्रेसको शक्तिसन्तुलनका लागि विपक्षी दलका नेता राजीव कोइरालाले उनलाई समर्थन दिन सक्ने सम्भावना ज्यादै कम छ ।

प्रदेश १ को विशिष्टता फरक भएता पनि नेपाली कांग्रेसले केन्द्रमा ओली नेतृत्वको सरकारविरुद्ध संघर्षको घोषणा गरेको अवस्थामा प्रदेशमा ओली पक्षसँग सहकार्य गर्ला कि नगर्ला ? यो विषय शंकाको घेरामा छ ।

चौथो - नेकपाको दुई समूहको तीव्र विवादमा एक पक्षले कांग्रेसलाई मुख्यमन्त्रीको प्रस्ताव गरेर अर्को पक्षलाई सत्ताबाट बाहिर राख्ने रणनीति लिन सक्छन् । यो सम्भावना थोरै भए पनि चर्चामा छ ।

पाँचौं - प्रदेश सभाको बैठक आह्वान हुनेवित्तिकै त्यहाँ मुडभेड हुने खतरा पनि छ । नेकपाको संसदीय दलको विधान देखाएर अहिले भइरहेको कारबाही र निलम्बनले संसदको कामलाई रोकिने अवस्था समेत छ । एउटा पक्षले अर्को पक्षलाई कारवाही गरेका कारण प्रदेशसभा बैठकमा बस्न दिन नहुने तर्क राखेर संसद् अवरुद्ध गर्ने र त्यहाँ मुढभेड हुने सम्भावना छ ।

संसद सञ्चालनको कार्य व्यवस्था परामर्श समितिमा समेत नेकपाका एक समूहले अर्को समूहलाई हटाएको सूचना दिइसकेको छ । यो परिवेशमा कार्यव्यवस्था समितिमा सहमति नहुने र सभामुखले पनि केही गर्न नसक्ने अवस्था आएमा निरन्तर संसद अवरुद्ध हुने र यसले संसद विघटनको बाटो समात्ने देखिन्छ । तर, यसमा सभामुखले कस्तो भूमिका निर्वाह गर्छन्, त्यो उनको क्षमतामा भर पर्ने कुरा हो । प्रदेशमा अहिले लामो समयसम्म शिक्षण पेशा गरेका प्रदीप भण्डारी सभामुख छन् ।

छैठौं - अर्को, अहिले बजारमा आइरहेका चर्चा जस्तै केन्द्रीय तहबाट नै प्रदेश १ सरकार विघटन हुने र संवैधानिक व्यवस्थाअनुसार राष्ट्रपतिले प्रदेश प्रमुखलाई सरकार सञ्चालनको जिम्मा दिने र ताजा जनादेशमा जाने सम्भावना पनि छ । यो सम्भावना सरकार फेरबदल पछि पनि हुन सक्ने अवस्था छ । ( लेखक पत्रकार महासंघ प्रदेश नम्बर १ का अध्यक्ष हुन् ) अनलाईन खबरवाट






# लत्ताकपडा र खद्यान सामग्री

विराटनगर । भारतको जोगवनीबाट नेपाल भित्रियाएको विभिन्न प्रकारका खाद्यान सामग्रीहरु वेवारीसे अवस्थामा प्रहरीले बरामद गरेको छ ।

मंगलवार जिल्ला मोरङ बिराटनगर महानगरपालिका वडा नं. १४ स्थित जतुवा नजिक भारतको जोगवनीबाट नेपालतर्फ अवैध रुपमा भन्सार छली चोरी पैठारी गरी १४ हजार बराबरको खद्यान्न सामाग्रीहरु प्रहरीले बरामद गरेको हो ।

बरामद सामाग्रीहरूमा प्याज २ बोरा ८० केजी, लसुन २ बोरा ८० केजी, चिनी २ बोरा ४० केजी, बिभिन्न ब्राण्डको बिस्कुट १ बोरा रहेको छ ।

त्यसैगरी जिल्ला मोरङ बिराटनगर महानगरपालिका वडा नं. १७ स्थित मटेरुवा नजिक भारतको जोगवनीबाट नेपालतर्फ अवैध रुपमा भन्सार छली चोरी पैठारी गरी ल्याई वेवारिसे अवस्थामा छाडिएको १५० पिस अन्दाजी ३० हजार बरावरको पर्सहरू बरामद गरिएका थियो ।

जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले फेला पारी आवश्यक कारवाहीको लागि मूल भन्सार कार्यालय रानी, विराटनगरमा बुझाएको थियो ।


## कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

१. कसरी सर्छ कोरोना भाईरस ?

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

3. यसबाट बच्न के–के गर्ने ?

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

सुनबर्सी नगरपालिका मोरंग प्रदेश नं. १



## कर तिरौ, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएरसम्मान पाउने अवसर पनि हो । त्यसैलेकर तिरौ देशको राजस्व बढाऔ ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएरव्यवसायी सञ्चालन गर्नुहोस् । लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौ कर । कर्तव्य ठानेर कर तिरौ नव नेपाल निर्मामामा सभागी बनौ । सामान किनौ गतिलो ठानेर बिल मागौ अधिकार ठानेर ।

नेपाल सरकार
आन्तरिक राजश्वकार्यालय विराटनगर